# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०९।०२ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला बझाङ, बित्थडचिर गाउँपालिका वडा नं. ०१ स्थित तल्लो बित्थड खेल मैदान निर्माणमा ठेकेदारले पूर्व गाउँपालिका अध्यक्षसँग मिली खेल मैदान निर्माण गर्दा कमसल निर्माण सामाग्री प्रयोग गरेको, प्राविधिक रूपमा उक्त ठाउँको डिपिआर नगरी निर्माण गरेको, काम सम्पन्न नगरी रकम हिनामिना गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला बझाङ, बित्थडचिर गाउँपालिका वडा नं. ०१ स्थित बित्थड खेल मैदान निर्माण तथा सुधारको लागि आर्थिक वर्ष २०७६/७७ मा सङ्घीय युवा तथा खेलकुद मन्त्रालयबाट ५० लाख र सङ्घीय सांसद विकास कोषबाट १५ लाख बजेट बिनियोजन भई सो कार्य सम्पन्न गर्नको लागि आर्थिक वर्ष २०७५/०७६ मा गठन भएको बित्थड खेल मैदान निर्माण तथा सुधार उपभोक्ता समितिलाई निरन्तरता दिई सोही उपभोक्ता समितिसँग सम्झौता भएको देखिएको, बिनियोजित कुल रु.६५ लाख रकम बजेट कार्यान्वयनमा एउटै कामको लागि गाउँपालिकाले एउटै उपभोक्ता समितिसँग लागत अनुमान रु.६९,२५,०५४।६१ र लागत अनुमान रु.६०,६५,२७६।२३ कायम भएको २ वटा फरक-फरक सम्झौता गरेको, सङ्घीय सांसद विकास कोषबाट बिनियोजन भएको १५ लाख बजेटको छुट्टै नयाँ लागत अनुमान बनाएको नदेखिएको, बित्थडचिर गाउँपालिकाको गोश्वारा भौचर नं. ४ र गोश्वारा भौचर नं. ७२ संलग्न Measurement Book को बिश्लेषण गर्दा Excavation कार्यको Chainage 0+000, Chainage 0+010, Chainage 0+020, Chainage 0+030 र Chainage 0+040 कार्यको लागि मिति २०७७/०३/२६ गते गोश्वारा भौचर नं. ४ बाट रु.१३,९९,१८६।- भुक्तानी भएकोमा, उक्त भुक्तानी भएको कार्यलाई नघटाई पुन: मिति २०७७/०३/२९ गतेको गोश्वारा भौचर नं. ७२ मा समावेश गरी रु.१३,९९,१८६।- दोहोरो भुक्तानी गरेको देखिएको, आयोगबाट खटिएको प्राविधिकसहितको टोलीले स्थलगत अनुगमन गरी पेश गरिएको प्राविधिक प्रतिवेदनमा समेत मिति २०७७/०३/२६ को गोश्वारा भौचर अन्तर्गतको Measurement Book मा उल्लेख भएको Chainage 0+000 देखि Chainage 0+040 सम्मको Earth Cutting को परिमाण मिति २०७७/०३/२९ को गोश्वारा भौचर अन्तर्गतको Final Measurement Book मा पनि उल्लेख भएको तर Final Bill बाट घटाएर भुक्तानी गर्नुपर्नेमा सो नघटाई एउटै ग्राउण्ड कटिङ्गको एउटै परिमाणको एउटै कामलाई गैरकानूनी लाभ लिने बदनियतले जानी बुझी दुई फरक फरक कागजातबाट फरक फरक कामदेखाई एउटै आर्थिक वर्षमा दोहोरो भुक्तानी गरेको भनी उल्लेख भएको।

साथै Quantity Measurement Sheet र Work Bill मा उल्लेख भएको Quantity लाई बिश्लेषण गर्दा बित्थडचिर गाउँपालिकाको गोश्वारा भौचर नं. ७२ अन्तर्गत नापी किताब (Measurement Book) मा उल्लेख भएको Ordinary Soil, BMS Soil, Ordinary and Medium Rock र Hard Rock कार्यको Quantity समावेश गरी Final Work Bill बनाउनु पर्नेमा नभए/नगरेको काम देखाई सोभन्दा बढी Quantity को Work Bill बनाई बित्थड खेल मैदान निर्माण तथा सुधार उपभोक्ता समितिलाई रु.६७,३१७।९२ रकम बढी भुक्तानी गरेको देखिएको, यसरी आर्थिक वर्ष २०७६/०७७ मा सङ्घीय युवा तथा खेलकुद मन्त्रालय र सङ्घीय सांसद विकास कोष दुई फरक-फरक श्रोतबाट बित्थड खेल मैदानको लागि बजेट विनियोजन भएकोमा दुई फरक बजेट कार्यक्रमको लागि छुट्टै लागत अनुमान बनाई खर्च गर्नुपर्नेमा एकै लागत अनुमानलाई देखाई एकै

आर्थिक वर्षमा एउटै उपभोक्ता समितिसँग दोहोरो सम्झौता गरी, उपभोक्ता समितिको खर्चको सार्वजनिक सुनुवाई नै नगरी वदनियतपूर्ण तबरले सर्वसाधारणलाई गुपचुप राखी पहिले आफ्नै कार्यालयबाट भुक्तानी भएको कार्यको यकिन गरेर रकम घटाउनुपर्नेमा सो कुरा जानी बुझी नघटाई दोहोरो रु.१३,९९,१८६।- भुक्तानी गरेको, नभए नगरेको कार्यलाई भए गरेको कार्य भनी झुट्टा बिल भरपाईको आधारमा बढी रु.६७,३१७।९२ भुक्तानी लिए/दिएको जम्मा **रु.१४,६६,५०३।९२** बित्थडचिर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत चक्रदेव भट्ट, सब-इन्जिनियर गणेश राज उपाध्याय, लेखापाल हर्क देव जोशी, बित्थड खेल मैदान निर्माण तथा सुधार उपभोक्ता समितिका अध्यक्ष दिपेन्द्र बहादुर बोहरा, सचिव वीर बहादुर बोहरा र कोषाध्यक्ष निलम भण्डारी समेतले आपसी मिलोमतो तथा योजना बनाई आफूहरुलाई गैरकानूनी लाभ तथा नेपाल सरकार/बित्थडचिर गाउँपालिकालाई गैरकानूनी हानि नोक्सानी पुऱ्याउने वदनियतले नगरे नभएको कार्यको भए गरेको भनी झुट्टा नापी किताब, बिल, भरपाई समेतका कागजात बनाई बनाउन लगाई बढी तथा दोहोरो भुक्तानी लिए दिएको स्थापित भएकोले निज प्रतिवादीहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिम कसूर भएको हुँदा उल्लिखित कसूरमा संलग्न देहायका प्रतिवादीहरुउपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | जिल्ला बझाङ बित्थडचिर गाउँपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत **चक्रदेव भट्ट**, तत्कालीन सब-इन्जिनियर **गणेश राज उपाध्याय** र तत्कालीन लेखापाल **हर्क देव जोशी** | जनही रु.१४,६६,५०३।९२ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरमा बिगो रु. चौध लाख छयसट्ठी हजार पाँच सय तीन र बयानब्बे पैसा कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिमको जरिवाना गरी बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| २. | जिल्ला बझाङ बित्थडचिर गाउँपालिका, वडा नं. ०१ स्थित बित्थड खेल मैदान निर्माण तथा सुधार उपभोक्ता समितिका अध्यक्ष **दिपेन्द्र बहादुर बोहरा**, सचिव **वीर बहादुर बोहरा**, कोषाध्यक्ष **निलम भण्डारी** | रु.१४,६६,५०३।९२ | भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूरको नगद तथा अन्य गैरकानूनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरुलाई विगो रु. चौध लाख छयसट्ठी हजार पाँच सय तीन र बयानब्बे पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांँश बमोजिम सजाय हुन मागदाबी लिइएको छ। |

सहायक प्रवक्ता
गणेश बहादुर अधिकारी